# लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
भल्कीं, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

☎०९१-४१९०१५
📠०९१-४१९०९४
सन्देश सूचना वोर्ड:१६१८०९१४१९०४
इमेल:lamkicm@gmail.com
इमेल:pasusakhalamki@gmail.com
वेवसाइट:lamkichuhamun.gov.np


प.सं.:२०८१/०८२
च.नं.:

## वर्षे घाँसबाली बाजरा तथा सुडान घाँसको बीउ वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना

**दोश्रो पटक प्रकाशित मिति:- २०८१।१२।०३**

आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"वर्षे घाँसको बीउ वितरण कार्यक्रम"** बमोजिम यस नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका वर्षे घाँसखेती गर्न ईच्छुक ***व्यवसायिक पशुपालन फर्म/ कृषक समूहले*** यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र लम्कीचुहा नगरपालिकाको पशु सेवा शाखामा वर्षे घाँसको बीउ (बाजरा,सुडान) प्राप्तिका निमित्त देहायका कागजात सहित आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-**

१. अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ ।
२. व्यवसायिक पशुपालन फर्म/समूहले नवीकरण गरेको प्रमाण-पत्रको प्रतिलिपी तथा निर्णयको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
४. घाँसखेती गरिने जग्गाको स्पष्ट क्षेत्रफल खुलेको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपी तथा प्रति जग्गाको हकमा तिरो तिरेको रसिदको प्रतिलिपी ।
५. आ.व. २०८१।०८२ को सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपी ।
६. जग्गा भाडामा (लिज) लिएको भए कम्तिमा ५ वर्षको आधिकारिक करारनामा वा सम्झौता पत्रको प्रतिलिपी ।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
८. घाँस खेती गर्न चाहेको जमिनको स्पष्ट क्षेत्रफल निवेदनमा समेत (कठ्ठा/ बिगाहा) उल्लेख गर्नु पर्नेछ ।
९. घाँसखेती सम्वन्धी तालिम लिएको भए सोको प्रमाण-पत्रको प्रतिलिपी ।

**नोट:-** निवेदनको ढाँचा अथवा अनुसुची-२ यस लम्कीचुहा नगरपालिकाको वेभसाइट www.lamkichuhamun.gov.np बाट डाउनलोड गर्न सकिने वा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ । अन्य थप जानकारीको लागि मोवाइल नं. ९८४८४५८४७७ र ९८६८७९३५४० मा सम्पर्क गरेर बुझन सकिने छ ।

...........................
माधव कुमार जैसी
नि. प्रमुख प्रशासकीय अधिकृत

माधव कुमार जैसी
प्रमुख प्रशासकिय अधिकृत